ठूलो परिमाणमा लागू औषध बरामद

सुनसरी(उस)/सुनसरीको धरान उप-महानगरपालिका-५ देउरालीबाट प्रतिबन्धित तथा नियन्त्रित औषधि ८ हजार ८ सय ७६ क्याप्सुल र ८ हजार ५ सय १७ ट्याव्लेट सहित एक जना पक्राउ परेका छन् । मंगलबार राति विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी टोलीले धरान-५ झर्नाचोकमा डेरा गरी बस्दै आएका मुन्सन राईको कोठा खानतलासी गर्दा जेब्रा झोलामा लुकाई छिपाई राखेको ट्रामाडोल-८ हजार ८ सय ७६ क्याप्सुल, मेफेनिक स्पास-७ हजार ८ सय ९० ट्याब्लेट, नाईट्रेजेपाम-२० ट्याब्लेट, स्पारेट-२ सय ९५ ट्याब्लेट र कोलिवन-३ सय १२ ट्याब्लेट बरामद गरेको हो ।

प्रतिबन्धित र नियन्त्रित औषधिसहित पक्राउ परेका राईको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भइरहेको बताइएको छ ।

ट्याक्टरको ठक्करबाट मृत्यु

विराटनगर(उस)/मोरङको रंगेली नगरपालिका-८ दर्वेशामा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ । मंगलबार दिउँसो खेत जोतेर बाटोमा निस्किदै गरेको प्रदेश १-०२-००३ त २८५६ नम्बरको ट्याक्टरले को. ३९ प ३९३२ नम्बरको मोटरसाइकललाई ठक्कर दिंदा घाइते भएका मोटरसाइकल चालक रंगेली-१ का ३२ बर्षीय केदार न्यौपानेलाई उपचारको लागि रंगेली अस्पताल पुऱ्याउनासाथ मृत्यु भएको हो ।

मोटरसाइकल पछाडि सवार ४१ बर्षीय राजन भट्टराईको नोबेल अस्पताल विराटनगरमा उपचार भइरहेको छ। ठक्कर दिने ट्याक्टर र चालक रंगेली-८ का ३० बर्षीय जीवन ताजपुरियालाई इलाका प्रहरी कार्यालय रंगेलीले नियन्त्रणमा लिएको जनाएको छ ।

धनकुटा नगरको बजेट १७ करोड

धनकुटा(उस)/धनकुटा नगरपालिकाले आगामी आर्थिक वर्ष २०८२-८३ का लागि ९७ करोड भन्दा बढीको बजेट प्रस्तुत गरेको छ। मंगलबार सम्पन्न भएको १६ औं नगरसभामा आगामी आर्थिक वर्षका लागि ९७ करोड ६१ लाख ७८ हजार ५ सय ३८ बराबरको बजेट प्रस्तुत गरिएको हो । नगर प्रमुख चिन्तन तामाङको अध्यक्षतामा भएको नगरसभामा उपप्रमुख भीमा खनालले बजेट प्रस्तुत गरेकी हुन् । प्रस्तुत बजेटमा चालु खर्चतर्फ ५३ करोड ६१ लाख ५९ हजार ७ सय ४८ रुपैयाँ छुट्याइएको छ भने पूँजीगत खर्चतर्फ ४४ करोड १८ हजार ७९० रुपैयाँ विनियोजन गरिएको छ ।

नगर सभामा मेयर चिन्तन तामाङले स्थानीय आठपहरिया जातीको मुख्य चाड वाडाङ्मेटमा दुई दिन बिदा दिएर धनकुटा नगरको विशेष चाडको रुपमा मनाउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रचारप्रसार गरी पर्यटनसाग जोड्ने विशेष प्रस्ताव पेश गरेका थिए । सो प्रस्ताव नगरसभाले सर्वसम्मत पारित गरेको छ ।

विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनेहरू सम्मानित

विभिन्न क्षेत्रमा योगदान पुऱ्याउने संस्था, नगरवासी तथा कर्मचारीलाई नगर सभामा सम्मान गरिएको छ। पशुपालक विनोद राई, तरकारी उत्पादक कुमार कार्की, खाद्यान्न उत्पादक लोकबहादुर थापा र उद्यमी राजेश विश्वकर्मा, फलफूल उत्पादक तथा पशुपालक रामकृष्ण श्रेष्ठ र करदाता दिपेन्द्र पराजुलीलाई सम्मान गरिएको छ ।

सहकारी संस्थातर्फ जनोत्थान बहुउद्देश्यीय सहकारी संस्था, उपभोक्ता समितितर्फ लुङदाङ तोरीबारी गराबारी जल उपभोक्ता संस्था र टोल विकास संस्थातर्फ टोड्के टोल विकास संस्था सम्मानित भएका छन् । यता, उत्कृष्ट कार्यसम्पादन गरेको भन्दै कर्मचारीहरूलाई पनि सम्मान गरिएको छ । सम्मानित हुनेहरूमा इन्जिनियर मिङ्मा दोर्जी शेर्पा, लेखा अधिकृत रत्नबहादुर जिमी राई, वडा सचिव कृष्णप्रसाद भण्डारी र नेत्रप्रसाद काफ्ले, विषयगत प्राविधिक ताराणी श्रेष्ठ, वडाका सहायक कर्मचारी रुपा वनेम, नगर प्रहरी देवेन्द्र थापा, सरसफाइकर्मी माणिकलाल राई र कार्यालय सहयोगी कृष्णबहादुर राई सम्मानित भएका छन्। उनीहरूलाई नगर प्रमुख तामाङ, उपप्रमुख खनाल, प्रमुख प्रशासकीय अधिकृत दशरथ राई लगायतले अबिर, खादा र सम्मान पत्र प्रदान गरी सम्मानित गरेका थिए ।

«पहिले

दिन नसक्ने बताए। त्यसैगरी पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले आफूलाई नधम्क्याउन भन्दै सांसदहरूलाई उल्टै धम्कीपूर्ण भाषा प्रयोग गरेका थिए । अधिकांश सांसदहरूले प्रदेशको बजेटमाथिको छलफलका क्रममा मन्त्री मण्डलले आफ्नो क्षेत्र र जिल्लामा बजेट खन्याएको बताएका थिए । त्यसबारे बुधबारको बैठकमा जवाफ दिदै मण्डलले आफू धेरैपटक जेलनेल बसेको व्यक्ति भएको र कांग्रेसको जिम्मेवार व्यक्ति भएकोले त्यसरी आफूलाई औंला नउठाउन भनेका थिए ।

'मलाई कांग्रेसको खत्तम मानिस भनेर औंलो नदेखाउनुहोस्। सम्मानित हिसाबले हेर्ने प्रयास गरौं । मैले सानो बजेट ल्याँदैमा म खराब हो ? पहिले पनि मन्त्रीहरूले बजेट लगेको होइन । यो प्रस्तुति कसैको हकमा राम्रो हुँदैन' उनले भनेका थिए । मन्त्री भूपेन्द्र राईको गृहजिल्ला खोटाङमा उनको मन्त्रालयबाट मात्रै १५५ वटा योजनाका लागि १ अर्ब १४ करोडभन्दा बढी रकम विनियोजन भएको छ । आर्थिक वर्ष २०८२-८३ का लागि कोशी सरकारले कूल ३५ अर्ब ८७ करोड ९९ लाख रूपैयाँको बजेट विनियोजन गरेको छ । त्यसमध्ये भौतिक पूर्वाधारमा १० अर्ब ५७ करोड ५१ लाख रूपैयाँ विनियोजन भएको छ । त्यही रकममध्ये झण्डै एक अर्बभन्दा बढी बरकम खोटाङका लागि मात्रै छुट्याइएको हो ।

खोटाङका लागि निश्चित गरिएका १५५ आयोजना र १ अर्बभन्दा बढी रकम भौतिक पूर्वाधार मन्त्रालयबाट मात्रै हो । सामाजिक विकास, पर्यटन, खानेपानी तथा सिञ्चाई, कृषि तथा उद्योग मन्त्रालयहरूबाट विनियोजन भएको योजना र रकम अलग्गै छ । खोटाङकै बासिन्दाहरू पनि यसपटक भूपेन्द्र राई र पाँचकर्ण राईले जिल्लामा प्रदेशबाट पर्याप्त बजेट भित्र्याएको बताइरहेका छन् । त्यसमध्ये पनि भूपेन्द्रले सबैभन्दा धेरै बजेट भित्र्याएको खोटाङमा चर्चाको विषय छ ।

कोशीमा १४ जिल्ला छन् । जसमा २८ वटा प्रतिनिधिसभा क्षेत्र र ५६ प्रदेशसभा क्षेत्र छन् । त्यसमध्ये सबैभन्दा धेरै बजेट मन्त्री राईले आफ्नो क्षेत्रमा पारेका छन् ।

यसैको सर्वत्र विरोध भइरहेको छ । त्यसैगरी पर्यटन मन्त्रालयको कूल बजेटमध्ये २५ प्रतिशत हिस्सा पर्यटन मन्त्री मण्डलको जिल्ला सुनसरीमा मात्रै परेको भन्दै आलोचना भइरहेको छ । बुधबारबाट बजेटबारेको छलफल सकिएको छ। ३८ सांसदले यसपटक बजेटबारे बोलेका थिए। कृषिमन्त्री खगेनसिंह हाङ्गाम, सामाजिक विकास मन्त्री पाँचकर्ण राईले पनि बुधबार सभाको बैठकमा जवाफ दिएका थिए । बजेटसँग असन्तुष्ट कांग्रेसका धेरैले यसपटक छलफलमा भाग नै लिएनन् भने एमालेकै सांसदले पनि असन्तोष प्रकट गरिरहेका छन् ।

«तरलतामा

अध्यक्ष राठीले निर्धारित चालु पूँजी कर्जाको ब्याजदर भन्दा स्थिर पूँजी कर्जाको ब्याजदर न्यून गरी त्यस्ता उद्योग टिकाउने जिम्मेवारी राष्ट्र बैंकले पूरा गर्नुपर्ने बताए । बैंकमा तरलता कायम रहेकाले उद्योग व्यवसाय क्षेत्रमार्फतनै औद्योगिक लगानी विस्तार गर्नुपर्ने बताए ।

'हाल बैंकहरूमा पर्याप्त तरलता उपलब्ध रहेको छ, त्यसलाई उत्पादनमूलक क्षेत्रमा प्रवाह गरी मुलुकको उत्पादकत्व बनाउनु आवश्यक छ, उत्पादनमूलक उद्योगमा निर्धारित कारोबार रकमको ४० प्रतिशतको चालुपूँजी कर्जा सीमालाई ६० प्रतिशत कायम गरौं' राठीले भने, 'साना तथा मझौला उद्योग व्यवसायको हकमा २ करोडको कर्जा सीमालाई १० करोड कायम गरौं र कर्जाको पुनर्संरचना तथा पुनर्तालिकीकरण गरौं ।'

व्यक्तिगत तथा पारिवारिक लगानीकर्ताको हकमा हालको शेयर धितो कर्जा सीमा १५ करोडबाट ३० करोड कायम गर्नु पर्ने धारणा राखे । त्यस्तै घरजग्गाको हकमा मूल्यांकनको ५० प्रतिशत मात्र कर्जा दिने व्यवस्था रहेकोमा उक्त सीमालाई ७० प्रतिशत कायम गरी घरजग्गा कारोबारलाई प्रोत्साहित गर्न राष्ट्र बैंक समक्ष माग गरे ।

स्टार्टअप व्यवसायका लागि बैंक कर्जामा सहज पहुँच बनाउनु पर्ने, बैदेशिक मुद्रा पर्याप्त संचित भएको अवस्थामा विगतमा रोकिएका खाद्यवस्तुको आयात खुल्ला गर्नुपर्ने, बैंक तथा डिजिटल वालेट कम्पनीहरुले डिजिटल कारोबारमा लिने शुल्क कटौति गर्नुपर्ने, भारतीयले नेपालमा भुक्तानी लिने व्यवस्था सहज बन्दै गएपनि नेपालीले भारतमा पैसा भुक्तानी पाउन अझै कठिनाई भएकाले डिजिटल भुक्तानीलाई अझै सहज बनाउनु पर्ने उनले सुझाव दिए ।

राठीले पनि अत्यधिक बैंक विदाले उद्योग व्यवसायको अन्तर्राष्ट्रिय बजारमा असर पर्ने र बैंक ब्याजमा पनि दवाब बढ्ने भन्दै बैंक तथा वित्तीय संस्थामा अधिकतम १३ दिन विदा कायम गर्ने नीति आवश्यक रहेको सुझाव दिए ।

खै पेपरलेस डिजिटल बैंकिङ ?

बैंक तथा वित्तीय संस्थाले 'पेपरलेस' र 'डिजिटल' कारोबार गर्ने भने पनि सय वर्ष पुरानो कागजी प्रक्रियाबाट माथि उठ्न नसकेको उद्योग संगठन मोरङका पूर्वअध्यक्ष सुयश प्याकुरेलले गुनासो गरे । राष्ट्रले आफैंले विगतमा घोषणा गरेर पनि पेपरलेस वित्तीय कारोबारलाई प्रोत्साहन गर्न नसकेको बताए ।

'हामी भन्ने बेलामा पेपरलेस र डिजिटल कारोबार भन्छौं तर बैंकमा हामीलाई अझैपनि ल्याप्चे लगाउनु पर्ने बाध्यता छ' उनले भने, 'यत्रो प्रविधिको विकास हुँदा सय बर्ष पुरानो पद्धतिबाट ल्याप्चे लगाउने सिस्टम कहिले हट्ला ? कर्जा नविकरण गर्दा हरेक पटक उत्तिनै कागजपत्रको भारी बोकेर जानुपर्ने अवस्था कहिले अन्त्य होला ?'

उनले बैंक तथा वित्तीय संस्थाले ग्राहकले नै नबुझ्ने भाषाका कागजपत्रको भारी बोकाएको भन्दै राष्ट्र बैंकले आगामी मौद्रिक नीतिमार्फत पूर्णतया डिजिटल कारोबारको नीति लिनुपर्ने सुझाव दिए ।

'कानुनतः गरिएको कुरा एउटा पक्षका लागि मात्रै हुँदैन, सबैले बुझ्न सक्ने हुनुपर्छ, बैंकले पूर्ण रुपमा डिजिटल बायोमेट्रिक प्रणालीमा काम गर्नुपर्छ' उनले भने, 'राष्ट्र बैंकले भन्ने बेलामा एकातिर डिजिटल भनेर पुरानै पद्धतिबाट उम्किन नसकेको देखिन्छ ।'

मौद्रिक नीतिले एकभन्दा बढी शेयर होल्डर भएको कम्पनीमा शेयरधारीले जति शेयर होल्ड गर्छ त्यति मात्रै वित्तीय दायित्व कायम गर्न केन्द्रित हुनुपर्ने प्याकुरेलले बताए ।

उनले व्यवसायमा सिधै सम्बन्ध नभएका व्यक्तिले पनि बैंकमार्फत दायित्व बोक्नुपर्ने अव्यवहारिक नीति रहेका कारण आगामी मौद्रिक नीतिले त्यसलाई सम्बोधन गर्नुपर्ने सुझाव दिए ।

'सम्बन्ध नै नभएका व्यक्तिले बैंकको दायित्व बोक्नुपर्ने नीति व्यवहारिक होइन, यस्तै व्यवस्थाका कारण नयाँ मानिसहरूले व्यवसाय गर्नैं हिच्किचाउँछन्' प्याकुरेलले भने, 'कम्पनीमा जसको जति शेयर होल्ड छ त्यसको मात्रै दायित्व हुनुपर्छ, बैंकले व्यवसायीको अनुहार हेरेर ऋण प्रवाह गर्ने प्रवृत्तिलाई पनि निरुत्साहित गर्नुपर्छ ।'

तरलता हुँदा बैंकले उत्साहित भएर ऋण दिने र ऋणीले पनि बजार नहेरी ऋण लिन सक्ने अवस्थाको आगामी मौद्रिक नीतिमार्फत न्यूनिकरण गर्नुपर्ने बताए । साथै, बैंकमा पनि लगानी बुझेका विज्ञ व्यक्तिहरूमार्फत अध्ययन अनुसन्धान गरेमा लगानीको सुरक्षा हुने सुझाव दिए ।

'अहिले त बैंकले पनि व्यवसायीले भनेको कुरा पत्याउनुको विकल्प बाहेक केही छैन, यसलाई निरुत्साहित गरियो भने अनुहार हेरेर ऋण दिने प्रवृत्ति पनि बन्द हुन्छ' प्याकुरेलले भने, 'अनि दुबै क्षेत्रमा आर्थिक अनुशासन कायम हुन्छ ।'

राष्ट्र बैंकले उधारो व्यवस्थापन सम्बन्धी कानुन निर्माण गर्न अघिल्लो वर्षको मौद्रिक नीतिले सम्बोधन गरेपनि त्यसको कार्यान्वयन नभएको उनले गुनासो पोखेका थिए ।

राष्ट्र बैंकले जारी गर्ने आगामी मौद्रिक नीतिमाथि नेपाल उद्योग बाणिज्य महासंघ कोशीले भने यसअघि नै सुझाव पेश गरिसकेको जनाइएको छ । अध्यक्ष राजेन्द्र राउतले आगामी मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाको ब्याजदरमा स्पष्टता, पारदर्शी र पूर्वसूचित मापदण्डमा आधारित बनाउनु पर्ने लगायतका २० बुँदे सुझाव पेश गरेका थिए ।

पूविमा एमएससी बायोस्टाटिक्टिक्सको पढाइ गर्ने तयारी

विराटनगर(उस)/पूर्वाञ्चल विश्वविद्यालयले एमएससी बायोस्टाटिक्टिक्स (जैविक तथ्याङ्कशास्त्र) को पढाइ शुरु गर्ने भएको छ । यो कार्यक्रम नेपालमै पहिलो भएको चिकित्साशास्त्र संकायका डीन डा शैलेषमणि पोखरेलले जानकारी दिए ।

एमएससी बायोस्टाटिक्टिक्सको पढाइ शुरु गर्ने तयारी स्वरुप विश्वविद्यालयको चिकित्सा शास्त्र संकायले बुधवार विराटनगरमा एमएससी बायोस्टाटिक्टिक्सको पाठ्यक्रम सम्बन्धि अन्तरक्रिया गरेको छ ।

कार्यक्रमको उद्घाटन गर्दै विश्वविद्यालयकी रजिष्ट्रार प्राडा कल्याणी मिश्र त्रिपाठीले राष्ट्रिय र अन्तर्राष्ट्रिय अवस्थाको अध्ययन गरेर पाठ्यक्रम तयार गरी शैक्षिक कार्यक्रम सञ्चालन गर्ने बताइन् । विश्वस्तरीय पाठ्यक्रम निर्माणमा जोड दिंदै रजिष्ट्रार त्रिपाठीले कार्यक्रममा उपस्थित विज्ञहरुलाई धन्यवाद दिइन् । डीन डा शैलेषमणि पोखरेलले विश्वविद्यालयको आवश्यकता र श्रम बजारको अध्ययन गरेर पाठ्यक्रमको अन्तिम तयारी गरेको जानकारी दिए । कार्यक्रममा स्वदेशी र विदेशी विश्वविद्यालयका विज्ञहरु, विद्यार्थी र सरोकारवालाहरुको सहभागिता थियो ।

सुन्दरहरैंचा नगरपालिकाको १५ दिने सूचना

सुन्दरहरैंचा १० कित्ता न. ५१७६ क्षेत्रफल ०-०-१०-० भएको घरको भुइँ तल्ला लम्बाइ २६'६" चौडाइ २६'०" उचाइ १८ '५" तल्ला संख्या एक छाडिएको दुरी उत्तर १३'९" दक्षिण १३"०" पूर्व ३'०" पश्चिम २'३" तपसिल बमोजिम विवरण भएको ढुंगा, ईटा, सिमेण्टको पक्कि घर निमार्णको घर नक्सा पास गरिपाउँ भनि सुन्दरहरैंचा १० जग्गा धनी मायादेवी फुयाँलले दिएको निवेदन अनुसार निवेदकको घरको नक्सा पास गरिदिंदा साध सधियारहरूलाई कुनै पिर मार्का फरक पर्ने भएमा सूचना प्रकाशित भएको मितीले १५ दिनभित्र निवेदनका साथ सम्बन्धित निकायमा उजुरी गर्न आउनका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ 'क' बमोजिम यो सूचना जारी गरिएको छ । समयभित्र उजुरी गर्न कोही पनि नआएमा नियम बमोजिम नक्सा पास भइजाने छ। पछि कसैको उजुरबाजुर लाग्ने छैन।

साधसधियारहरू

पूर्व – भगवती भट्टराई | **उत्तर – कुमारी आचार्य**
पश्चिम – कुमारी आचार्य | **दक्षिण – बाटो**

श्री अरुणोदय आधारभूत विद्यालय

विराटनगर-११, पञ्चमुखी चोक, मोरङ

शिक्षक आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०३/१२

प्रस्तुत विषयमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/०३/११ को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको शिक्षक पदमा शिक्षक आवश्यकता परेकाले तपशील अनुसारका योग्य नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ पन्ध्र दिन भित्र आवेदन दिनुहुन दरखास्त आह्वान गरिएको छ।

१. विज्ञापन नं. ०३/०८१/०८२
पदः आधारभूत तह (६-८) शिक्षण अनुदान गणित शिक्षक (करार)
सङ्ख्या :– १ (एक)
तह :– आधारभूत तह (कक्षा ६-८)

२. उमेर :– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
३. शैक्षिक योग्यता :–मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषयमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी तालिम प्राप्त र निम्न माध्यमिक तहको अध्यापन् अनुमति पत्र प्राप्त गरेको।
४. तलब भत्ता :– नेपाल सरकारको नियम अनुसार
५. दरखास्त दस्तुर :– रु. १५००।- (एकहजार पाँचसय) मात्र, विद्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक वरगाछी बिराटनगर शाखामा रहेको चल्ती खाता नं.२२५०१००००११८२००१ मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।
६. परीक्षाको किसिम :– लिखित तथा अन्तरवार्ता (शिक्षक सेवा आयोगले तोकेको नि.मा. वि. तहको गणित विषयको पाठ्यक्रममा आधारित हुनेछ।)
७. दरखास्त दिने अन्तिम मिति :– २०८२/०३/२६
८. सम्पर्क मिति :– २०८२/०३/२७
९. परीक्षा मिति :– सम्पर्क मितिमा तोकिने छ। शिक्षक सेवा आयोगले सूचीकृत गरेको करार सूचीमा उल्लेखित ब्यक्तिहरुको आवेदन पर्न आएमा नियमानुसार मर्यादाकमको आधारमा नियुक्ति प्रकृया अघि बढाइने छ।
१०. आवश्यक कागजातहरु : १/१ प्रति नेपाली नागरिकताको प्रमाण-पत्र, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, अध्यापन अनुमति पत्र, तालिमका प्रमाणपत्रहरू लगायतका कागजातहरुको स्वयंले प्रमाणित गरेका प्रतिलिपिहरु तथा हस्तलिखित निवेदन, २ प्रति पासपोर्ट साईजको फोटो र रकम दाखिला गरेको सक्कल भौचर।

थप जानकारीका लागि :
९८४२०४५६५८ (प्र.अ.), ९८४२०९७१०१ (अध्यक्ष)

खोरुङ्गा खोला साना जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको

संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने सम्बन्धी सार्वजनिक सूचना

प्रकाशन मिति: २०८२/०३/१२

कोशी प्रदेश, तेह्रथुम जिल्ला, फेदाप गाउँपालिका र म्याङलुङ नगरपालिकामा रिलायबल हाइड्रोपावर कम्पनी प्रालिद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	रिलायबल हाइड्रोपावर कम्पनी प्रा. लि. सानेपा, ललितपुर, फोन नं: ९८६१००८१६७, ईमेल: finance.reliable1@gmail.com
प्रस्तावको व्यहोरा	विद्युतको स्रोत: खोरुङ्गा खोला साना जलविद्युत आयोजना (४.८ मे.वा.) जोडिने ठाउँ: नेपाल विद्युत प्राधिकरणको जिरी खिम्ती सवस्टेसन कूल लम्बाई: करिब ४.३८ कि.मि. भोल्टेज: ३३ के.भी. (सिंगल सर्किट), पोलको संख्या: ६९
प्रभाव पर्न सक्ने जिल्ला/गा.पा.	तेह्रथुम जिल्ला, फेदाप गाउँपालिका - २, म्याङलुङ नगरपालिका - ६ र ९
सार्वजनिक सुनुवाई	मिति २०८२/०३/१० गते मंगलबार सम्पन्न

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न तेह्रथुम जिल्लाको फेदाप गाउँपालिका र म्याङलुङ नगरपालिकाको विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुभाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुभाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

प्रस्तावकको नाम र ठेगाना	रिलायबल हाइड्रोपावर कम्पनी प्रा. लि. सानेपा, ललितपुर, फोन नं: ९८६१००८१६७, ईमेल: finance.reliable1@gmail.com
परामर्शदाताको नाम र ठेगाना	इन्भाइरोमेन्टल पार्टनर्स प्रा. लि. कलंकी, काठमाण्डौ, नेपाल, इमेल: eppl2078@gmail.com

विद्युत विकास विभाग
सानो गौचरण, काठमाण्डौं, फोन नं: ४५३४११९, ४५११५३७

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल असार महिना १२ गते विहीबार)

यस विकास बैंकको शाखा कार्यालय ईनरुवाबाट तपशिलमा उल्लेखित ऋणीले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

तपशिल

क) कर्जा शीर्षक : व्यवसाय अधिबिकर्ष तथा हायर पर्चेज कर्जा

ऋणीको विवरण

नाम : **बस्नेत जिब्सन बोर्ड** प्रोप्राइटरको नाम : अरुण बस्नेत प्रा.फ.र.नं. : ६८००/०७५/०७६
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय ईटहरी, सुनसरी दर्ता मिति : २०७५/०६/०४
फर्मको ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. ६ स्थायी लेखा नं. : ६०७५२१८७८

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) गजेन्द्र बहादुर बस्नेतको नाति वर्ण बहादुर बस्नेतको छोरा उदयपुर जिल्ला हडिया वडा नं. ५ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. १६ बस्ने **अरुण बस्नेत** (ना.प्र.नं. : ३७१८१/४९३७ जारी मिति र जिल्ला : २०५५/०१/२५, उदयपुर)

२) वल बहादुर राउतको छोरी वर्ण बहादुर बस्नेतको बुहारी अरुण बस्नेतको पत्नी उदयपुर जिल्ला हडिया वडा नं. ५ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. १६ बस्ने **चण्डिका राउत (बस्नेत)** (ना.प्र.नं. : १४१०१०/१२२३९८ जारी मिति र जिल्ला : २०६९/०७/१९, उदयपुर)

ख) कर्जा शीर्षक : महिला उद्यमशील व्यवसाय आवधिक कर्जा

ऋणीको विवरण

नाम : **बस्नेत कर्निस सप्लायर्स** प्रोप्राइटरको नाम : चण्डिका राउत बस्नेत प्रा.फ.र.न : ९७१३/०७७/०७८
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय ईटहरी, सुनसरी दर्ता मिति : २०७७/१२/१९
फर्मको ठेगाना : सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. १६ स्थायी लेखा नं. : ६१५६९९३४९

व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण

१) वल बहादुर राउतको छोरी वर्ण बहादुर बस्नेतको बुहारी अरुण बस्नेतको पत्नी उदयपुर जिल्ला हडिया वडा नं. ५ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. १६ बस्ने **चण्डिका राउत (बस्नेत)** (ना.प्र.नं. : १४१०१०/१२२३९८ जारी मिति र जिल्ला : २०६९/०७/१९, उदयपुर)

२) गजेन्द्र बहादुर बस्नेतको नाति वर्ण बहादुर बस्नेतको छोरा उदयपुर जिल्ला हडिया वडा नं. ५ हाल, सुनसरी जिल्ला ईटहरी उ.म.न.पा. वडा नं. १६ बस्ने **अरुण बस्नेत** (ना.प्र.नं. : ३७१८१/४९३७ जारी मिति र जिल्ला : २०५५/०१/२५, उदयपुर)

यसअघि प्रकाशित गरिएको सूचनाको विवरण : मिति २०८२/०२/०५ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको ।

धितो सुरक्षण सम्बन्धी विवरण :

क) निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

धितोधनीको नाम	धितोको ठेगाना	सिट नं.	कित्ता नं.	क्षेत्रफल (विघा)
अरुण बस्नेत	सुनसरी जिल्ला एकम्बा वडा नं. ४	४क	१४४९	०-०-११-०

ख) धनी यस बैंक तथा ऋणी बस्नेत जिब्सन बोड कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

सवारी दर्ता नं.	मोडल	च्यासिस नम्बर	ईन्जिन नम्बर	बनेको साल	रङ्ग	किसिम
प्रदेश ३-०१ ०२४ च ५०७८	Mahendra Bolero Pickup PS 1.5T	MA1ZU2TB KL1L53710	TBL1K31374	2020	A2White	निजी पिकअप

शर्त बन्देजहरु :

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०३/३२ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय ईनरुवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०४/०१ गते विहीबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय ईनरुवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ